**निर्णय नं. १ :**

यस मेलम्ची नगरपालिकाको नगर सभाबाट नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च हुने गरी घर जग्गा खरिदको लागि आ.व. २०७४/७५ मा रू. २ करोड रूपैयाँ विनियोजन भएकोले यस मेलम्ची नगरपालिकालाई फोहोर मैला डम्पिङ्ग साइट निर्माण गर्न र नगरपालिकाको थप भवन निर्माण गर्न मेलम्ची नगरपालिका वडा नं. ११ स्थित नगरपालिका आसपासमा जग्गा आवश्यक परेको हुँदा उल्लेखित नगर सभाबाट विनियोजन गरिएको रकमबाट जग्गा खरिद प्रक्रिया अगाडि बढाउँने र जग्गा खरिद प्रक्रियाको लागि जग्गा प्राप्ती ऐन, २०३४ को दफा ५ (१) मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिका कार्यालयका इन्जिनियर (अधिकृतस्तर छैठौं) श्री जित बहादुर कार्कीलाई प्रारम्भिक कारवाही चलाउँने अधिकारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

मिति २०७४।७।२६ गतेको सार्वजनिक जग्गा संरक्षण समितिको वैठकबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३(११) को (छ) बमोजिम सार्वजनिक, ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने र सोही परिच्छेदको (११) (ट) अनुसार अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने कर्तब्य र अधिकार सम्बन्धित नगरपालिकाको भएको भन्ने ब्यवस्था भएको हुँदा यस मेलम्ची नगरपालिका भित्रका सार्वजनिक जग्गा भोगचलन गर्दै आएका नगरबासीहरूमा आफुले भोगचलन गर्दै आइरहेको सार्वजनिक जग्गा स्वघोषणा मार्फत सूचना प्रकाशित मितिले ३५ दिन भित्र जानकारी गराउँन सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय भएको हुँदा सोही बमोजिम हुने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. ४४ मिति २०७४।७।२२ को पत्रबाट नेपालको संविधानको धारा-४१ मा उल्लेखित ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक ऐन, २०६३ तथा नियमावली, २०६५ समेतमा भएको ब्यवस्था बमोजिम ज्येष्ठ नागरिक परिचय पत्र वितरणको जिम्मेवारी स्थानीय तहबाटै हुने र ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४ को नमूना समेत प्राप्त भएको हुँदा सोही बमोजिम तयार पारिएको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ४ :

मेलम्ची नगरपालिका/कृषि विकास शाखाबाट आ.व. २०७४/७५ को लागि पेश भएको तपशिल बमोजिमको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

# मेलम्चि नगरपालिका

## कृषि विकास शाखा

## प्रस्तावित बार्षिक कार्यक्रम तथा बजेट, आ.व: ०७४।७५ रु ६००००००।

| क्र सं | कार्यक्रम | इकाई | वार्षिक लक्ष्य | |
|---|---|---|---|---|
| | | | परिमाण | बजेट |
| **१** | **प्रधानमन्त्री कृषि आधुनिकीकरण परीयोजना** | | | **२८५००००** |
| १.१ | **साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम।** किवि पकेट भोटेचौर, तरकारी पेकेट शिखरपुर, अलैची पकेट ज्यामीरे कागति पकेट बिस्तार कटुन्जे | पटक | ४ | १८०००००.० |
| १.२ | **व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम।** ५० प्रतिशतअनुदानमा (३०००० बढीमा) मिनिटिलर कम्वाइन थ्रेसर वितरण (मेलम्ची न पा अन्तर्गत हेलम्वु राजमार्गको साविक फटकशीला गा वि स देखि तालमाराङ गा वि स सम्मको वारीपारीको क्षेत्र) | संख्या | ३२ | ८५००००.० |
| १.३ | एस आर आई धान खेती प्रविधि (सहभागितात्मक स्थलगत प्रदर्शनी) | संख्या | १ | १०००००.० |
| १.४ | अनुगमन तथा मूल्याङ्कन खर्च | पटक | २५ | १०००००.० |
| **२** | **तरकारी मसला तथा वागवानी विकास कार्यक्रम** | | | **२५१००००** |
| २.१ | प्लाष्टीक टनेल सहित सरल थोपा सिंचाई प्रणाली वितरण (न पा अन्तरगतका सवै वडाहरु) | संख्या | ५० | ५०००००.० |
| २.२ | ५० प्रतिसत अनुदानमा (बढीमा रु ३०००० मात्र) मिनिटिलर मिशन कम्वाइन थ्रेसर वितरण (न पा अन्तरगतका सवै वडाहरु) | संख्या | ३२ | ९०००००.० |
| २.३ | ७५ प्रतिसत अनुदानमा अलैची विरुवा वितरण ढुवानि अनुदान सहित (न पा अन्तरगतका सवै वडाहरु) | संख्या | ५३७५० | ५०००००.० |
| २.४ | ७५ प्रतिसत अनुदानमा फलफुलका विरुवा वितरण ढुवानि अनुदान सहित (न पा अन्तरगतका सवै वडाहरु) | संख्या | ६००० | ५०००००.० |
| २.५ | विविध तथा इन्धन | पटक | ३० | ११००००.० |
| **३** | **एक गाउँ एक कृषि प्राविधिक (तलव) ससर्त अनुदान** | **संख्या** | **२** | **६४००००** |

**निर्णय नं. ५ :**

मेलम्ची नगरपालिका अन्तर्गत रहेका विभिन्न विद्यालयहरूबाट शिक्षक व्यवस्थापन लगायतका अन्य कार्यहरूमा आर्थिक सहयोग माग भई आएका तथा थप माग हुने निवेदनका सम्बन्धमा छलफल तथा आवश्यकता पहिचानका लागि सामाजिक विकास समितिमा पठाउँने र सो समितिबाट आवश्यकता पहिचान सहित नीतिगत मस्यौदा तयार भई आए पश्चात मात्र थप कार्य प्रक्रिया अगाडि बढाउँने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

मेलम्ची नगरपालिका अन्तर्गतका विद्यालयहरूको शिक्षामा आधुनिक पद्धतिको अवलम्बनको लागि नगरपालिकाबाट आवश्यकता र औचित्यताको आधारमा आवश्यक सहयोग र समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

मेलम्ची नगरपालिकाको नगर सभाबाट आ.व. २०७४/७५ मा कार्यान्वयनको लागि स्वीकृत भएका योजनाहरू संचालनको लागि २०७४ मंसिर मसान्त भित्र उपभोक्ता समिति गठन गरी योजना सम्झौता सम्पन्न गर्न सम्बन्धित वडा कार्यालयहरूमा निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

मेलम्ची नगरपालिका अन्तर्गतका वडाहरूमा कार्यरत वडा सचिवहरूको सम्बन्धित वडाबाट हाजिरी प्रमाणित भई आए पश्चात मात्र निजहरूको तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

मेलम्ची नगरपालिकाका प्रमुख, वडा अध्यक्षहरू र नगर स्तरीय सामुदायिक सिकाई केन्द्रका पदाधिकारीहरूबाट मिति २०७४।५।२४ गते नमूना सिकाई केन्द्र अवलोकन भ्रमण सम्पन्न भएकोले सो अवलोकन भ्रमणमा खर्च भएको रकम मध्ये नपुग रकम रू. १६,७००।- (अक्षरूपी सोह्र हजार सात सय मात्र) नगर स्तरीय सामुदायिक सिकाई केन्द्र सञ्जाल, मेलम्ची, सिन्धुपाल्चोकबाट माग भएको हुँदा उल्लेखित नपुग रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

मेलम्ची नगरपालिका कार्यालयमा कार्यालय सरसफाई गर्न १(एक) जना सहयोगीस्तरको कर्मचारी आवश्यक भएको हुँदा उल्लेखित कर्मचारी करार सेवामा छनौट गर्ने र हाल यस नगरपालिका कार्यालयमा कार्यरत कार्यालय सहयोगी कर्मचारीहरू मध्ये केही कार्यालय सहयोगी कर्मचारीलाई आवश्यकता अनुसार नगरपालिका अन्तर्गतका वडा कार्यालयहरूमा खटाउँने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

मेलम्ची नगरपालिका कार्यालयसंगै रहेको पशु सेवा कार्यालयको भवन मिति २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट पूर्ण रूपमा क्षति भई जोखिमयुक्त रहेकोले उक्त भवन भत्काउँनको लागि जिल्ला पशु सेवा कार्यालयमा यस कार्यालयबाट पटक पटक अनुरोध गर्दा समेत नभत्काएको हुँदा उल्लेखित भवन नगरपालिकाबाट भत्काउँने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

मेलम्ची नगरपालिका वडा नं १ र २ को वडा कार्यालय हालसम्म संयुक्त रूपमा संचालन हुँदै आएकोमा उक्त वडा कार्यालयको भवन पार्टेसन गरी छुट्टा छुट्टै वडा कार्यालयको रूपमा संचालन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. १३ :**

मेलम्ची नगरपालिका वडा नं. ११ को डुंडेखोला स्थित मेलम्ची नगरपालिकाको नाममा रहेको जग्गामा प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माण गर्न शहरी विकास तथा भवन डिभिजन कार्यालय, सिन्धुपाल्चोक, चौतारामा अनुरोध गर्ने र भवन निर्माणको लागि आवश्यक पर्ने थप नपुग जग्गा खरिद गरी भवन निर्माण स्थलसम्म पुग्नको लागि मोटर बाटोको समेत व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :**

मेलम्ची नगरपालिकालाई व्यवस्थित र प्रभावकारी रूपमा संचालन गर्नको लागि मेलम्ची नगरपालिकाको नगर सभाबाट जनप्रतिधिहरूको अध्ययन अवलोकन भ्रमण कार्यको लागि बजेट समेत व्यवस्था गरिएको हुँदा हाल निर्वाचित जनप्रतिधिहरूलाई नेपालको पूर्वी क्षेत्र (२०७४ फाल्गुण महिनाको पहिलो हप्ता) र पश्चिमी क्षेत्र (२०७४ माघ महिनाको तेस्रो हप्ता) मा रहेका विभिन्न जिसस/नगरपालिका/गा.पा.हरूको अध्ययन तथा अवलोकन भ्रमण गर्नको लागि २ टिम बनाई अध्ययन अवलोकन भ्रमण गर्ने र सो को लागि पूर्वी क्षेत्रको समन्वयको लागि मेलम्ची नगरपालिकाका कर्मचारी क्रमशः श्री मधु विलाश देवकोटा र पश्चिम क्षेत्रको समन्वयको लागि श्री राजेन्द्र दुलाललाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

मेलम्ची नगरपालिकालाई व्यवस्थित र प्रभावकारी रूपमा संचालन गर्नको लागि मेलम्ची नगरपालिकाको नगर सभाबाट जनप्रतिधिहरूको क्षमता विकास कार्यको लागि बजेट समेत व्यवस्था गरिएको हुँदा हाल निर्वाचित जनप्रतिनिधिहरूलाई नेपाल सरकारबाट जारी गरिएको स्थानीय सरकार संचालन ऐन, २०७४ एवं निर्वाचित जनप्रतिनिधिहरूलाई नियमित कार्यालय संचालनको लागि आधारभूत कम्प्युटर तालिम संचालन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner